आज मिति २०७६ साल चैत्र २१ गते शुक्रवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| ब.आ.ले.प.अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | श्री प्रमोद सोती | उपस्थित |
| इन्जिनियर | श्री रविन्दलाल मुल | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: राहत वितरण सम्बन्धी विपन्न तथा श्रमिक मजदुर सूची सम्बन्धमा ।
प्रस्ताव नं.२: राहतका लागि रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३: वर्तमान विषम परिस्थितिमा कार्यरत कर्मचारीको सुविधा थप सम्बन्धमा ।
प्रस्ताव नं.४: राहत विवरण सम्बन्धी कार्यविधि संशोधन सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट राहत वितरण गर्नका लागि टोल संस्थाको सिफारिसमा सर्वपक्षीय उपस्थिति र परामर्शमा वडा समितिबाट निर्णय भई आएका जम्मा ३४८९ घर परिवार (४ जना सम्मका २३५२, ५ जना र सो भन्दा माथि ११३७) लाई राहत वितरण गर्ने र वडागत विवरणका आधारमा कार्यविधि बमोजिम बिल भुक्तानीको व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै जेष्ठ नागरिक आश्रम, सडक बालबालिका, गुरुकुलमा बसी अध्ययन गर्ने बालबालिका, धार्मिक स्थलहरुमा रहेका सन्त-महन्त लगायतलाई समेत राहत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा वर्तमान विषम परिस्थिति कोरोना भाइरस (कोभिड-१९) विरुद्धको अभियानमा प्रचार-प्रसार, आवश्यक औषधीजन्य सामाग्री खरिद र राहतमा यस अघि विनियोजित रकम रू.२५,००,०००।- (पच्चीस लाख) ले नपुग्ने देखिएको हुँदा चालु आर्थिक वर्षमा खर्च हुन नसक्ने आन्तरिक तथा सशर्त अन्तर्गतको बजेट, प्रदेश सरकारको सहयोग, स्थानीय विपद कोषमा प्राप्त रकम एवं जिन्सी समेतबाट थप रू.७५,००,०००।- (पचहत्तर लाख) समेत रू.१,००,००,०००।- (एक करोड) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा हाल लकडाउनको विषम परिस्थितिमा सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, चालक र निरन्तर कार्यालयमा उपस्थित भई सेवा प्रदान गर्ने प्रमुख प्रशासकिय अधिकृत लगायतका कर्मचारीहरुलाई खाइपाई आएको आधारभुत मासिक तलवको आधा सुविधा थप दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका राहत वितरण सम्बन्धी कार्यविधि, २०७६ मा निम्नानुसार संशोधन गर्ने निर्णय गरियो ।

क) दफा ६ (ङ) मा संशोधन:

खण्ड (ख) बमोजिम वडा अध्यक्षले प्रमाणित गरेका दैनिक ज्यालादारीमा जीवन निर्वाह गरेको र हाल दैनिक गुजारा चलाउन कठिनाई परी सहयोग चाहिने ४ जनासम्मको परिवारलाई १२.५ (साडे बाह्र) के.जी. चामल, १ के.जी. दाल, १ लिटर खाने तेल, १ के.जी. नुन र २ वटा साबुन राहत प्याकेज वडा आपूर्ति व्यवस्थापन समिति मार्फत सम्बन्धित परिवारको घरमै पुऱ्याई अनुसूची २ बमोजिमको ढाँचामा भरपाई गराई बुझाउने व्यवस्था मिलाउने । ५ जना र सो भन्दा माथि परिवार संख्या हुनेको हकमा २५ के.जी. चामल उपलब्ध गराइनेछ । अन्य सामाग्री यथावत हुनेछ ।

(ख) दफा ६ (च) मा संशोधन:

खण्ड (ग) बमोजिम असहाय संघ/संस्थामा सहयोग गर्नुपर्ने अवस्था भए वडा समितिले एकिन गरी प्रति व्यक्ति ३ के.जी.का दरले चामल र प्रति १० जना बरावर १ के.जी. का दरले दाल र प्रति १० जना १ लिटरका दरले खाने तेल उपलब्ध गराउने ।

(ग) दफा ६ (झ) मा संशोधन:

राहत वितरणमा खटिनेले कम्तिमा २ मिटरको SOCIAL DISTANCE सहित सुरक्षा सम्बन्धी आवश्यक सावधानी अपनाउने ।

दफा १० थप गर्ने:

(क) यस कार्यविधिमा तोकिएको मापदण्ड पुरा नभएका व्यक्तिले झुठ्ठा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुदैन ।

(ख) यस कार्यविधिको प्रतिकुल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानून बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारी वा निजले सिफारिस गरेको हदसम्मको रकम सम्बन्धित स्थानीय तहले निजबाट असुल उपर गर्नुपर्नेछ ।

दफा ११ थप गर्ने:

राहत वितरणको अभिलेख राख्नुपर्ने: सम्बन्धित वडाले राहत वितरणको अनुसूची ३ बमोजिमको राहत विवरण अभिलेख आफ्नो कार्यालयमा राखी एक प्रति व्यास नगरपालिका कार्यालयमा पठाउनुपर्नेछ ।

---

अनुसुची- ३

दफा ११ सँग सम्बन्धित

व्यास नगरपालिका वडा नं................ तनहुँ

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन | बावुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत | कैफियत (विदेशी भए राष्ट्रियता खुलाउने) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

राहत वितरण गर्नेको:
दस्तखत:
नाम, थर:
टेलिफोन नं.: